नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले नेपाल सरकारबाट समस्याग्रस्त घोषणा भएका सहकारीहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापन गर्दै बचतकर्ताहरूको मागदाबी अनुसार सहकारी ऐन, २०७४, सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक आदेश, नेपाल सरकारको १०० बुँदे घोषणापत्र बमोजिम प्राथमिकता निर्धारण गरी नियमित रूपमा बचत फिर्ता गर्दै आइरहेको छ। समितिले ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, स्वीकृती प्राप्त चिकित्सकले प्रमाणीकरण गरेको आधारमा प्राणघातक रोग लागेका बचतकर्ता, एकल महिला तथा पूर्ण अपाङ्ग/अशक्त बचतकर्तालाई वार्षिक रुपमा एकपटक तथा पाँचलाख भन्दा बढि बचत भएका बचतकर्तालाई एकपटकमा बढिमा पचास प्रतिशतले नबढ्ने गरी बचत फिर्ता नियमित रूपमा दिने कार्य सुरू गरेको छ। समितिले आज मिति २०८३।०४।०८ मा उल्लिखित प्राथमिकतामा परेका मध्ये कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का ३७ जना, गौतमश्री बहुउद्देश्यीय सहकारी संस्था लि.का ४ जना, कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लि. का ३ जना, आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था लि. का २ जना तथा पशुपती सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. का २ जना गरी जम्मा ४८ (अठ्चालिस) जना बचतकर्तालाई प्रतिव्यक्ति रु.२५०००/- (अक्षरेपी रू पच्चीस हजार मात्र) का दरले जम्मा बाह्र लाख रुपैंया बचत फिर्ता गरेको छ। बचतकर्ताबाट प्राप्त निवेदन तथा मागदाबीको रूजु गरी निर्धारित प्राथमिकता प्राप्त बचतकर्ताहरूको बचत फिर्ताको कार्य नियमित गरिने व्यहोरा यसै विज्ञप्ति मार्फत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

मिति : २०८३।०४।०८

सदस्य-सचिव

फोन नम्बरः- ०१-४७७१९९९/४७७१६८१/४७७०४७४/४७७०९३२

इमेलः- info.coopmc@gmail.com वेबसाइटः- www.coopmc.gov.np